NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

**प्रेस विज्ञप्ति**
**जेठ ३, २०७९**

### एन आई सी एशिया क्यापिटल र पशुपति इन्भाईरोमेन्टल पावर कम्पनी तथा पशुपति इन्भाईरोमेन्टल इन्जिनियरिङ्ग पावर कम्पनी बीच क्यापिटलको IDEA to IPO सेवा उपलब्ध गराउने सम्बन्धी तीन पक्षिय सम्झौता सम्पन्न ।



एन आई सी एशिया क्यापिटलले “IDEA to IPO” सेवा अन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीहरुलाई कम्पनीको स्थापनादेखि IPO जारी गर्ने चरणसम्म पुऱ्याउन आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गराइरहेको व्यहोरा जानकारी गराईन्छ ।

सोही सेवा अन्तर्गत पशुपति इन्भाईरोमेन्टल पावर कम्पनी (प्रा.लि.) र पशुपति इन्भाईरोमेन्टल इन्जिनियरिङ्ग पावर कम्पनी (प्रा.लि.) लाई संस्थागत परामर्श सेवा अन्तर्गत दुवै कम्पनीलाई एक आपसमा मर्जर गरी उक्त कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गरी IPO जारी गर्ने चरणमा पुऱ्याई निकट भविष्यमा सर्वसाधारणहरुमा (सामूहिक लगानी कोष तथा कर्मचारीहरु सहित) जारी गर्नुपर्ने साधारण शेयरको सार्वजनिक निष्कासन गर्ने गरी तीन पक्षिय सम्झौता सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । क्यापिटलले “IDEA to IPO” सेवा अन्तर्गत कुनै पनि कम्पनीलाई तत्तकाल IPO जारी गर्न नसक्ने अवस्था देखिएमा त्यस्ता कम्पनीहरुको IPO जारी गर्दा पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रकृया तथा तयार गर्नुपर्ने सम्पूर्ण कागजातको सम्बन्धमा आवश्यक परामर्श तथा मार्गदर्शन दिई यथासिघ्र IPO जारी गर्न योग्य कम्पनी बनाउन महत्वपूर्ण योगदान प्रदान गर्दै आइरहेको छ ।

साथै उक्त “IDEA to IPO” सेवा सम्बन्धी थप जानकारीको लागि मर्चेण्ट बैंकिङ्ग प्रमुख, श्री दामोदर रायमाझी मोवाईल नं. ९८५११८४९७९ वा इमेल ठेगाना ideatoipo@nicasiacapital.com मा सोझै सर्म्पक गर्न सकिने व्यहोरा समेत सहर्ष जानकारी गराउदछौं ।

Ramendra

............................
रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT

मेरो लगानी,
मेरो भविष्य